# दोर्दी गाउँपालिका
## (DORDI RURAL MUNICIPALITY)
## गाउँ कार्यपालिकाको कार्यालय
(Office of the Rural Municipal Executives)
नौथर,लमजुङ (Nauthar, Lamjung)
गण्डकी प्रदेश,नेपाल (Gandaki Province, Nepal)
२०७३ (2073)


दोर्दी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय नौथर, लमजुङ गण्डकी प्रदेश, नेपाल २०७३

पत्र संख्या/ Ref. No: २०८१/०८२
चलानी नं. /Dispatch No :

## करार सेवामा पदपूर्ति गर्ने सम्बन्धी सूचना ।

(प्रथम पटक प्रकाशितः २०८१/०४/०३)

दोर्दी गाउँपालिकाको लागि देहायको पदमा खुला प्रतिष्पर्धाको माध्यमबाट करारमा पदपूर्ति गर्नुपर्ने भएकोले निम्न बमोजिम योग्यता पुगेका इच्छुक नेपाली नागरिकले १५ दिनभित्र माग बमोजिमका विवरण र तोकिएको शुल्क तिरेको रसिद सहित कार्यालयमा स्वयम् उपस्थित भई दरखास्त दिनु हुन सम्बन्धित सबैको लागि यो सूचना प्रकाशन गरिएको छ ।

| क.सं. | विज्ञापन नं. | पद | माग संख्या | तह | आवेदन दस्तुरः |
|---|---|---|---|---|---|
| १ | ०१/२०८१/८२ | कृषि स्नातक | १ | अधिकृत छैटौं | रु १००० |
| २ | ०२/२०८१/८२ | रोजगार सहायक | १ | पाँचौ | रु ५०० |
| ३ | ०३/२०८१/८२ | कार्यालय सहयोगी | १ | श्रेणी विहीन | रु २०० |

१. आवश्यक न्यूनतम योग्यताः

क) कृषि स्नातक

१. कृषि विज्ञानमा कम्तिमा मान्यता प्राप्त विश्वविद्यालय वा शैक्षिक संस्थाबाट स्नातक तह उतीर्ण गरेको ।
२. दरखास्त दिने अन्तिम मिति सम्म उमेर २१ वर्ष पुरा भई ३५ वर्ष ननाघेको, महिलाको हकमा ४० वर्ष ननाघेको ।
३. प्रचलित कानुन बमोजिम अयोग्य नभएको ।

ख) रोजगार सहायक

१. मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तीमा प्रविणता प्रमाण पत्र तह वा सो सरह उत्तीर्ण गरेको ।
२. दरखास्त दिने अन्तिम मिति सम्म उमेर १८ वर्ष पुरा भई ४५ वर्ष ननाघेको ।
३. आधारभूत कम्प्यूटर सीप सम्बन्धी कम्तिमा ३ महिनाको तालिम लिएको ।
४. प्रचलित कानुन बमोजिम अयोग्य नभएको ।

ग) कार्यालय सहयोगी

१. मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तीमा एस.एल.सी./एस.ई.ई. उत्तीर्ण गरेको ।
२. दरखास्त दिने अन्तिम मिति सम्म उमेर २१ वर्ष पुरा भई ३५ वर्ष ननाघेको, महिलाको हकमा ४० वर्ष ननाघेको ।
३. प्रचलित कानुन बमोजिम अयोग्य नभएको ।

२. दरखास्त दिने स्थानः दोर्दी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, प्रशासन शाखा ।

३. दरखास्त दिने अन्तिम मितिः २०८१/०४/१७ गते कार्यालय समय भित्र र दोब्बर दस्तुर सहित २०८१/०४/२४ गते कार्यालय समय भित्र ।

४. छनौट किसिमः कृषि स्नातकको हकमा प्रारम्भिक योग्यताको सूची प्रकाशन, लिखित र अन्तरवार्ता । रोजगार सहायकको हकमा प्रारम्भिक योग्यताको सूची प्रकाशन, लिखित तथा प्रयोगात्मक र अन्तरवार्ता । कार्यालय सहयोगीको हकमा लिखित र अन्तवार्ता ।

.........
हेमराज काफ्ले
प्रमुख प्रशासकीय अधिकृत

E-mail: dordigaupalika073@gmail.com, Website: www.dordimun.gov.np

हेमराज काफ्ले
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

दोर्दी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय नौथर, लमजुङ गण्डकी प्रदेश, नेपाल २०७३

पत्र संख्या / Ref. No : २०८१/०८२
चलानी नं. /Dispatch No :

५. पाठ्यक्रमः कृषि स्नातकको हकमा लोकसेवा आयोगद्वारा निर्धारित पाठ्यक्रम, रोजगार सहायकको हकमा स्थानीय तहमा प्राविधिक सहायक र रोजगार सहायक पदपूर्ति सम्बन्धी मापदण्ड, २०७८ मा तोकिए बमोजिम ।

६. दरखास्त साथ संलग्न गर्नुपर्ने कागजातहरुः

आवेदक स्वयमले प्रमाणित गरेको देहाय बमोजिमका कागजातको प्रतिलिपिहरुः

- नेपाली नागरिकताको प्रमाणपत्र ।
- न्यूनतम शैक्षिक योग्यताको लाब्धाङ्क, चारित्रिक प्रमाणपत्र, न्यूनतम शैक्षिक योग्यता भन्दा माथिको शैक्षिक योग्यता भएमा सोको लब्धाङ्क ।
- कार्य अनुभव भए सोको प्रमाणपत्र ।
- २ प्रति पासपोर्ट साईजको फोटो ।
- शुल्क तिरेको रसिद ।

७. करार अवधिः करार सम्झौता बमोजिम ।

८. सेवा सुविधाः नेपाल सरकारले तोके बमोजिम ।

९. परीक्षा मितिः प्रारम्भिक योग्यता क्रमको सूची प्रकाशन पश्चात तोकिनेछ ।

नोटः परीक्षामा सामेल हुँदा अनिवार्य रुपमा सक्कल कागजातहरु लिएर आउनुपर्नेछ । परिक्षा दस्तुर बापतको रकम यस कार्यालयको राजस्व शाखामा जम्म गर्नुपर्नेछ । महिला, दलित, आदिवासी, मधेसी तथा विपन्न वर्ग र अनुभविलाई विशेष ग्राहयता दिइने छ । विस्तृत जानकारीको लागि यस कार्यालयको प्रशासन शाखाको फोन नं ९८५६०७९३११ मा सम्पर्क गर्नुहुन अनुरोध छ ।

..........................
हेमराज काफ्ले
प्रमुख प्रशासकीय अधिकृत

हेमराज काफ्ले
प्रमुख प्रशासकीय अधिकृत




Scanned with CamScanner